दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २१३ | बुटवल | २०८३ साउन २७ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday August 12, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पु¥याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## निष्पक्ष आयोग गठन गर्न कांग्रेसको माग

बुटवल । नेपाली कांग्रेसले सुनसरीको देवानगञ्ज-कप्तानगञ्ज घटनाको छानबिन गर्नको लागि निष्पक्ष आयोग गठनको माग गरेको छ ।

जारी केन्द्रीय समिति बैठकपछि प्रवक्ता देवराज चालिसेले विज्ञप्ति जारी गर्दै तत्काल निष्पक्ष न्यायिक आयोग गठनको माग गरेका हुन् ।

विज्ञप्तिमा भनिएको छ-'यसम्बन्धमा सरकारले पीडित पक्षलाई न्याय दिने प्रतिबद्धता जनाउँदै सम्झौता गरे पनि हालसम्म ४ जनालाई शहीद घोषणा गर्न बाहेक उक्त सम्झौता अलपत्र पारिएको छ । सरकारको यस्तो गैरजिम्मेवार रवैयाका कारण स्थानीय समुदायमा आक्रोश तीव्र रूपमा बढिरहेको छ ।'

सरकारको यस्तो हेपाहा प्रवृत्तिका कारण पुनः अर्को दुर्घटना निम्तिने खतरा बढेको उल्लेख छ । अतः सरकारले गरेका सम्झौताहरूको अविलम्ब कार्यान्वयन गरी तत्काल काम अगाडि बढाउन माग गरेको छ । सरकारले चिकित्सक, नर्श तथा स्वास्थ्यकर्मी, निजामती कर्मचारी, राहत शिक्षक, यातायात व्यवसायी, दुग्ध एवं उखु किसान (बक्यौता भुक्तानी), मिटरब्याज (अनुचित लेनदेन) पीडित संघर्ष समिति लगायत विभिन्न पेशा, व्यवसायका नागरिक तथा संघ-संस्थाहरूसँग गरेको सम्झौता कार्यान्वयनको माग गरेको छ ।

विज्ञप्तिमा भनिएको छ-'तर, कुनै पनि पक्षले ती सहमतिहरूको इमानदार कार्यान्वयन भएको अनुभूति गर्न पाएका छैनन् । सरकारले नागरिक तथा पेशागत संघ-संस्थासँग गरेका सहमति र समझदारीलाई तत्कालका लागि आफू उम्किने मनसायले तयार पारिएको कीर्ते कागज मात्र नबनाओस् ।'

हरेक नागरिक समूह तथा पेशागत संघ-संस्थाका प्रतिनिधिसँग गरिएका सहमति र समझदारीहरू तत्काल कार्यान्वयन गरी सम्बन्धित पक्षलाई राहत र न्याय दिलाउन माग गरेको छ ।

## ज्येष्ठ नागरिकलाई बसमा ५० प्रतिशत भाडा छुट

बुटवल । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक मन्त्रालयले ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारी साधनमा कानुनबमोजिम पाउनुपर्ने ५० प्रतिशत भाडा छुट तथा कम्तीमा दुई वटा आरक्षित सिटको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गराउन पहल थालेको छ । मन्त्री सिता बादीको निर्देशनमा मन्त्रालयले यस्तो पहल थालेको बताएको छ ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९ मा ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु सबैको कर्तव्य हुने व्यवस्था छ । सोही व्यवस्थाअनुसार नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुई वटा सिट सुरक्षित राख्नुपर्ने र यातायात भाडा दर कम्तीमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था छ ।

तर, कानुनी व्यवस्था हुँदाहुँदै पनि अधिकांश ज्येष्ठ नागरिकले सार्वजनिक सवारी साधनमा छुट नपाएको गुनासो मन्त्रालयमा प्राप्त भएपछि मन्त्रालयले यस विषयलाई प्राथमिकताका साथ अघि बढाएको हो ।

ज्येष्ठ नागरिकले कानुनबमोजिम प्राप्त गर्नुपर्ने छुट तथा सुविधा प्रभावकारी रूपमा उपलब्ध गराउने व्यवस्था मिलाउन महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई औपचारिक पत्र पठाउँदै आवश्यक सहयोग र सहजीकरणका लागि अनुरोध गरेको छ ।

» बाँकी ३ पेजमा

## गोल्छालाई धरौटीमा छाड्न आदेश



बुटवल । विशेष अदालतले हिमालयन रि-इन्सुरेन्स कम्पनी लिमिटेडका तत्कालीन अध्यक्ष शेखर गोल्छालाई सम्पत्ति शुद्धीकरणको मुद्दामा १ करोड रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ ।

विशेष अदालतका अध्यक्ष बासुदेव आचार्य तथा सदस्यहरू हेमन्त रावल र विदुर कोइरालाको इजलासले आइतबार यस्तो आदेश दिएको हो ।

गोल्छालाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ अन्तर्गतको कसुरमा मुद्दा दायर गरिएको थियो ।

अदालतमा पेश गरिएको अभियोग पत्रमा गोल्छाले हिमालयन रि-इन्सुरेन्सको अध्यक्ष रहँदा संस्थाको २ अर्ब ७३ करोड ३३ लाख १५ हजार १६० रुपैयाँ र व्यक्तिगत ५२ करोड ५० लाख रुपैयाँ अवैध रूपमा सेयर बजारमा परिचालन गरेको आरोप लगाइएको छ ।

उनले ब्रोकर नम्बर ५५ मार्फत् दीपक भट्ट र अन्य व्यक्तिहरूको नाममा सेयर खरिद गरी बजारमा कृत्रिम मूल्यवृद्धि गराएको र गैरकानूनी लाभ लिएको दाबी सरकारी पक्षले गरेको छ ।

अनुसन्धानका क्रममा उनले संस्थागत रकम र आफ्नो व्यक्तिगत सम्पत्तिको स्रोत लुकाउन खोजेको तथा पदको दुरुपयोग गरी सेयर कर्नरिङ गरेको देखिएको अदालतको ठहर छ ।

अदालतमा बयान दिने क्रममा गोल्छाले आफूमाथि लागेको आरोप इन्कार गरेका थिए । उनले हिमालयन रि-इन्सुरेन्सको तर्फबाट व्यावसायिक प्रयोजनका लागि मात्र रकम पठाइएको र त्यसबारे कार्यकारी तहलाई जानकारी हुने जिकिर गरे ।

» बाँकी ३ पेजमा

### एमाले – नेकपा सहमति :

# प्रदेशमा सिट संख्याका आधारमा मन्त्रालय बाँडफाँट

एमाले र नेकपाले प्रदेशमा राजनीतिक स्थिरता, सुशासन, समृद्धि र प्रादेशिक विकासको गतिलाई तीव्र बनाउन प्रदेश सरकारका लागि न्यूनतम साझा प्रतिबद्धता निर्माण गरी सार्वजनिक गर्ने भएका छन् ।

**लुम्बिनी संवाददाता**

*बुटवल*



प्रदेश सरकार गठनमा नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले प्रदेश सरकार गठन सम्बन्धमा भएको तीन बुँदे सहमति कार्यान्वयन गर्न निर्देशन जारी गरेका छन् । उनीहरूले सरकार गठन र मन्त्रालय बाँडफाँटको मोडलबारे पनि सर्कुलर जारी गरेका छन् ।

एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डले संयुक्त रूपमा निर्देशन जारी गरेका हुन् । मन्त्रालय भागबन्डामा प्रदेशसभामा दलहरूको सिट संख्यालाई मुख्य आधार बनाउने सहमति गरेका छन् ।

मुख्यमन्त्री र सभामुखको जिम्मेवारीलाई समेत समग्र राजनीतिक शक्ति सन्तुलनमा गणना गरिने सहमतिमा उल्लेख छ । दुई दलले मन्त्रालय बाँडफाँट गर्दा पालैपालो प्राथमिकता दिने व्यवस्था हुने भएको छ । जसअनुसार पहिलो मन्त्रालय मुख्यमन्त्रीको जिम्मेवारी नलिने दलले छनोट गर्नेछ भने दोस्रो मन्त्रालय मुख्यमन्त्री रहने दलले छनोट गर्नेछ ।

त्यसपछि यही क्रम पालैपालो दोहोऱ्याउँदै सबै मन्त्रालय बाँडफाँट गरिनेछ । दुई दलको सहकार्यबाट सरकार गठनका लागि आवश्यक संख्या नपुग्ने प्रदेशमा तेस्रो दललाई सहभागी गराउँदा आपसी समझदारीमा मन्त्रालय बाँडफाँट गर्ने सहमति भएको छ । त्यसपछि बाँकी मन्त्रालयको हकमा पनि यही पालैपालो छनोट गर्ने प्रावधानलाई आधार बनाइनेछ । एमाले र नेकपाले प्रदेशमा राजनीतिक स्थिरता, सुशासन, समृद्धि र प्रादेशिक विकासको गतिलाई तीव्र बनाउन प्रदेश सरकारका लागि न्यूनतम साझा प्रतिबद्धता निर्माण गरी सार्वजनिक गर्ने भएका छन् ।

सहमति कार्यान्वयनसम्बन्धी निर्देशनमा संघीयताको प्रवर्द्धनलाई समेत प्राथमिकता दिँदै सरकारले सोही साझा प्रतिबद्धताका आधारमा कार्यसम्पादन गर्ने उल्लेख छ । दुवै दलले आपसी समझदारीलाई थप सुदृढ गर्दै सहकार्यलाई दिगो बनाउने उद्देश्यका साथ सरकार गठन तथा मन्त्रालय बाँडफाँटलगायतका काम अघि बढाउने बताएका छन् ।

यसअघि गत ९ साउनमा केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डले हस्ताक्षर गरेको तीन बुँदे सम्झौता कार्यान्वयनमा किचलो देखिएको थियो । सहमति अनुसार कोशीको नेतृत्व एमालेले लिने उल्लेख छ । तर मुख्यमन्त्रीमा कार्कीलाई निरन्तरता नदिने ओलीको योजना बमोजिम ताप्लेजुङका तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने प्रक्रिया बढाइएको थियो । तर आफैं केन्द्रीय सचिव रहेका कार्कीलाई उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शंकर पोखरेललगायत बहुमत पदाधिकारीको साथ मिलेपछि अन्ततः अडानबाट पछि हटेका ओलीले गत २० साउनमा कार्कीलाई गुन्डु बोलाएर तीन बुँदे सहमति बमोजिम तत्काललाई नयाँ सत्ता समीकरण बनाउन निर्देशन दिएका थिए । तर, नेकपा समेटेर नयाँ सरकार बनाउन सजिलो भइरहेको थिएन ।

गत बिहीबारबाट सुरु भएको छलफलमा नेकपाका नेताहरूले प्रदेशको नाम फेर्ने प्रक्रिया अगाडि बढाउनुपर्ने, बजेट संशोधन गर्नुपर्ने, कांग्रेसले पाए बराबरकै मन्त्रालयहरू पाउनुपर्ने, बाँकी सबै राजनीतिक नियुक्ति नेकपाको हुनुपर्ने जस्ता सर्त राखेका छन् । ९२ सदस्यीय कोशी प्रदेश सभामा एमालेका ४० सांसद छन् । कांग्रेसका २९, नेकपाका १७, राप्रपाका ५ र जसपाका एक जना सांसद छन् । अर्थात कांग्रेसको साटो नेकपासँग मिल्दा गणितीय हिसाबले केही फरक पर्दैन । मंगलबारको निर्देशनले सरकार गठनमा देखिएको संकट कसरी टर्छ त्यो भने हेर्न बांकी नै छ ।

कोशी जस्तै बागमती, गण्डकी र लुम्बिनीमा पनि नयाँ सरकारका लागि बहुमत जुटाउनै मुस्किल परेको छ । बागमतीमा नयाँ सरकार बनाउन गुण्डुमा भएको छलफल एकप्रकारले रमितामै परिणत भयो । आफू निकट किरण थापामगरलाई ओलीले मुख्यमन्त्री बनाउनेगरी प्रस्ताव ल्याए । प्रदेश संसदीय दलका नेता जगन्नाथ (जेएन) थपलियाका लागि उक्त प्रस्ताव अस्वाभाविक र अन्यायपूर्ण लाग्यो । उनले प्रस्तावको प्रतिवाद गरे । त्यही बेला उनी गुन्डुमै बेहोस लडेका थिए । भक्तपुरकै मध्यपुर ठिमी अस्पतालमा प्रारम्भिक उपचार पश्चात थपलिया केही दिनदेखि बीर अस्पतालमा उपचारत छन् । दलको नेताबाट राजीनामा दिएर थापामगरलाई मुख्यमन्त्री बन्ने बाटो खुला गरिदिन थपलिया तयार नहुँदा एमालेको आन्तरिक समस्या लम्बिएको छ । अन्य दलसँग सहमति जुटाउन थप मुस्किल हुने नै भयो । बागमतीमा एमाले र नेकपा मिल्दा मात्र बहुमत पुग्दैन । हाल १०४ सांसद रहेको बागमतीमा सरकार बनाउन ५३ जना आवश्यक भएपनि नेकपासँग २६ र एमालेसँग २५ जना मात्रै छ ।

१२ सिटको राप्रपाबाट केही सांसद फकाएर किरणलाई मुख्यमन्त्री बनाउने सूचना चुहिएपछि राप्रपाले संस्थागत निर्णयबाट कडाइ गरिसकेको छ । राप्रपा, नेपाल मजदुर किसान पार्टी (३ सिट) र हाम्रो नेपाली पार्टी (२ सिट) ले पनि सरकार फेर्ने निर्णयमा साथ नदिँदा मुख्यमन्त्री इन्द्र बानियाँको कार्यकाल लम्बिदै गएको छ । हालको राजनीतिक परिस्थिति कायमै रहे आगामी ४ भदौपछि पनि बानियाँ नै मुख्यमन्त्री कायम रहनेछन् । लुम्बिनी र गण्डकीको संकट पनि बहुमत जुटाउनमै केन्द्रीत छ । गत १२ साउनमा कांग्रेसले लुम्बिनी सरकारबाट समर्थन फिर्ता लिए पनि मुख्यमन्त्री चेतनारायण आचार्यले विश्वासको मत लिएर तीन बुँदे बमोजिम सरकार बनाउने प्रक्रिया अगाडि बढाएका छैनन् । केही समय त उनी आफ्नै पद जोगाउने लबिङमा हिंड्नुपऱ्यो । स्रोतका अनुसार तत्काललाई आचार्य नै मुख्यमन्त्री राख्न ओली तयार भएका छन् । 'दसैंसम्म चेतनारायण आचार्य नै रहने र लगत्तै लीला गिरीलाई मुख्यमन्त्री बनाउने सहमति जुटेको छ,' स्रोत भन्छ- 'तर एमाले र नेकपाको मतले मात्रै विश्वासको बहुमत पुग्ने स्थिति छैन ।'

८३ सदस्यीय लुम्बिनी प्रदेश सभामा कम्युनिस्टहरू मिल्दा पनि एक सिट पुग्दैन । एमालेसँग २९ र नेकपासँग १३ सिट छ । कांग्रेस र एमाले गठबन्धन हुँदा सहजै बहुमत पुग्थ्यो । कांग्रेससँग २७ सिट छ । राप्रपासँग ४, जसपा नेपालसँग ३, जनमत पार्टीसँग ३, जसपासँग २, जनमोर्चासँग एक र एक जना स्वतन्त्र सांसद छन् । लुम्बिनी एमालेका नेताहरूका अनुसार उपेन्द्र यादव नेतृत्वको जसपालाई सरकारमा सहभागी गराउने तयारी छ । तर ढुक्क हुने स्थिति छैन ।

गण्डकीमा त तीन बुँदे सहमति पक्षधर एमाले र नेकपाले समस्या निम्ताउने बाहेक अरू कुनै पहल लिन सक्ने स्थिति छैन । ६० सदस्यीय प्रदेश सभामा कांग्रेससँग २७, एमालेसँग २२, नेकपासँग ८, राप्रपासँग २ र एक जना स्वतन्त्र सांसद छन् ।

तर कांग्रेस र एमाले अलग हुँदा राप्रपा निर्णायक हुन पुगेको छ ।

» बाँकी ३ पेजमा

## कालीगण्डकीमा नेपालकै पहिलो 'टाइड आर्च' पुल



**प्रकाश डोटेल**

*स्याङ्जा*

सिद्धार्थ राजमार्गअन्तर्गत पोखरा-बुटवल सडकखण्डको राम्दीस्थित कालीगण्डकी नदीमाथि 'टाइड आर्च' मोटरेबल पुल निर्माण गरिएको छ । गण्डकी र लुम्बिनी प्रदेश जोड्ने गरी स्याङ्जा र पाल्पाको सिमाना राम्दीमा नेपालकै पहिलो टाइड आर्च प्रविधिमा सडक पुल निर्माण भएको हो ।

निर्माणको मुख्य काम सकिएसँगै केही समयभित्र सामान्य फिनिसिङ र पुल आसपास दुवै छेउका अवरोध हटाएपछि सवारीसाधन सञ्चालनमा ल्याइने तयारी गरिएको छ । सडक विभाग पुल सेक्टर पोखराका अनुसार रामनदीधाम (राम्दी) मा निर्माण सम्पन्न पुल 'कङ्क्रिट फिल स्टिल ट्यूब आर्च ब्रिज (टाइड आर्च)' प्रविधिमा आधारित हो ।

पुलको डिजाइन थाइल्यान्डका डिजाइनरले तयार गरेका हुन् । यस्तै प्रकारका पुल चीन, भुटान र दुबईमा भए पनि नेपालमा पहिलो पटक निर्माण गरिएको छ । एक स्पानमा निर्माण गरिएको पुल १२० मिटर लामो र ११ मिटर चौडा रहेको छ । पुल सेक्टर पोखराका प्रमुख कृष्णप्रसाद अधिकारीका अनुसार नयाँ पुल २०२८ सालमा निर्माण गरिएको पुरानो ट्रस पुलभन्दा २७ मिटर लामो छ ।

नयाँ पुलको दुवै साइडमा केही सामान्य निर्माण कार्य र रङरोगन मात्रै बाँकी रहेको प्रमुख अधिकारीले जनाए । यद्यपि पुल सञ्चालनअघि दुवै छेउमा रहेका केही घर हटाउन बाँकी रहेको उनले बताए । पुल आसपासका संरचना व्यवस्थापनको काम सकिएसँगै करिब एक महिनाभित्र नयाँ पुलबाट नियमित सवारी आवागमन सुरु गर्ने तयारी रहेको अधिकारीले जानकारी दिए ।

निर्माण कम्पनीसँग २७ करोड ७१ लाख ९ हजार ६ सय रुपैयाँमा पुल निर्माण गर्ने गरी २०७९ असार ३० मा चितवनको हिम सगरमाथा प्रालिसँग ठेक्का सम्झौता गरिएको थियो ।

» बाँकी ३ पेजमा


सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको विश्वासिलो साथी
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी' सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित ।
स्वतन्त्र — कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा ।
निष्पक्ष — सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता ।
जनताको लोकप्रिय — जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक ।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईंको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार | गहन विश्लेषण र अनुसन्धान | समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद | फोटो समाचार र विशेष रिपोर्ट | विचार, सम्पादकीय र साहित्य
सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रुपन्देही, लुम्बिनी प्रदेश,नेपाल

दैनिक लुम्बिनी

# सम्पादकीय

## सुस्तावासीको सास्ती

भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले बेलाबखत दिने दुःखले सुस्तावासी हैरान छन् । नेपाली भूमिमा बनेको सिँचाइ कुलो भत्काउने र नारायणी नदीको कटानबाट बच्नका लागि तटबन्ध निर्माण गर्न अवरोध गर्ने जस्ता ज्यादतीपूर्ण घटना भारतीय सुरक्षाबलबाट भएका छन् । नेपाली भूमिमा आएर भारतीय पक्षबाट भएको दुर्व्यवहार रोक्न नेपालको कुटनीतिक पहल फितलो छ ।

नारायणीको बाढीबाट नागरिकलाई बचाउन सरकारले गत आर्थिक वर्ष बजेट विनियोजन गरेको थियो । भारतीय पक्षले तटबन्ध निर्माण गर्न नदिएपछि सुस्तावासीलाई अहिले समस्या भएको हो । सुस्तामा करिब १५ करोड रुपैयाँको लागतमा एक किलोमिटर क्षेत्रमा तटबन्धको काम असारअघि नै सम्पन्न भएको थियो । थप १ सय ३२ मिटर क्षेत्रमा गर्नुपर्ने तटबन्ध भारतीय सुरक्षाकर्मीले अवरोध गरेपछि काम हुन पाएन् । बस्ती डुबानमा पर्ने भएपछि स्थानीय बासिन्दाले बोरामा माटो राखेर अस्थायी बाँध बाँध्ने काम गरिरहेका छन् । स्थानीयले जनश्रमदान गर्दै बस्ती जोगाउन माटो, ढुंगा, ढलेका रूख र स्थानीय रूपमा उपलब्ध सामग्री प्रयोग गरेर काम गरिरहेका छन् । साउन १७ गते आइतबार सुस्ता गाउँपालिका-५, सुस्ता गाउँमा भारतीय सुरक्षाकर्मी प्रवेश गरेर अस्थायी बाँध खन्न लागेपछि स्थानीयले प्रतिकार गरे । दिउँसो ३ बजे सादा पोसाकमा कोदालो लिएर आएका भारतीय सुरक्षाकर्मीले नारायणी नदीको बाढी बस्तीमा पस्ने जोखिम रहेको क्षेत्रमा स्थानीयले बनाएको अस्थायी बाँध खन्न थालेपछि स्थानीय विरोधमा उत्रिएका थिए । स्थानीयले लठ्ठी लिएर भारतीय सुरक्षाकर्मीको प्रतिकार गरेका थिए । केही समय विवाद भएपछि नेपाली सुरक्षाकर्मीले दुवै पक्षलाई सम्झाइबुझाई गरेर विवाद मिलाए । जेठ २९ गते नारायणी नदीमा १ सय ३२ मिटर तटबन्ध निर्माणमा भारतीय सुरक्षाकर्मीले रोक लगाएपछि स्थानीयले भारतीय सुरक्षाकर्मीलाई लखेटेका थिए । अहिले भारतीय पक्षले तटबन्ध गर्न अवरोध गरेको सुस्ता थारू टोलबाट बाढी बस्तीमा पस्दै आएको छ । स्थानीयले भने सोही स्थान वरपर अहिले माटो राखिरहेका छन् ।

नेपाली भूमि र नागरिकप्रति भएको दुर्व्यवहार रोक्न सरकारले कुटनीतिक पहलकदमी नबढाउने हो भने अझै दुर्व्यवहार बढ्न सक्छ । सुस्तावासीले विगतदेखि नै भारतीय पक्षबाट सास्ती व्यहोर्दै आएका छन् । नेपालको कुटनीतिक पहलकदमी कमजोर हुँदा नागरिकले सास्ती व्यहोर्न बाध्य भएका हुन् । अहिले नागरिकले नारायणी नदीमा दिन रात गरेरेर तटबन्ध गरिरहेका छन्, तर उनीहरुलाई एउटा त्रास छ,–भारतीय सुरक्षाबलले तटबन्ध भत्काएर दुःख दिने हो कि । बर्खायाममा नारायणीले कटान गरिरहेको छ । यो कटान बढ्दै गए बस्तीमा बाढी पस्ने जोखिम छ । भारतीय पक्षले नेपाली नागरिकले निर्माण गरिरहेको तटबन्ध सहमति नभई गरेको र भारतलाई असर गर्ने भनाई राख्दै आएको छ । नदीले गरिरहेको कटान रोक्न र बस्ती जोगाउन समुदायले गरिरहेको पहलकदमीप्रति भारतीय पक्ष संवेदनहिन बन्नु निन्दनीय छ ।

## नेप्से परिसूचक झिनो अङ्कले बढ्यो



काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक मंगलबार झिनो अङ्कले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक शून्य दशलमव ७९ अङ्कले बढेर दुई हजार ६४१ दशमलव ८५ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ८५ अङ्कले बढेर चार सय ६२ दशमलव २२ मा पुगेको छ। त्यस्तै फ्लोट सूचक शून्य दशमलव १७ अङ्कले बढेर १८१ दशमलव ३५ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ३० अङ्कले बढेर १५६ दशमलव ४७ मा पुगेको छ। विभिन्न कम्पनीका ९५ लाख ३४ हजार २२१ कित्ता सेयर रु चार अर्ब ११ करोड नौ लाख ७४ हजार ६७४ मूल्यमा खरिद बिक्री भएको छ ।

१३ उपसमूहमध्ये छ उपसमूह बढ्यो भने सात उपसमूह घट्यो । १३४ कम्पनीको सेयर बढ्यो भने १२१ कम्पनीको सेयर घट्यो । त्यसैगरी २० कम्पनीको सेयरस्थिर रह्यो । नेप्सेका अनुसार अपर लोहारे खोला हाइड्रोपावर,आरबिबि डिबेञ्चर, लक्ष्मी उन्नति कोषका लगानीकर्ताले कमाएका छन् । त्यस्तै गरी महिला लघुवित्त वित्तीय संस्था लिमिटेड, प्राइम डिबेञ्चर सप्तकोशी डेभलपमेन्ट बैंकका लगानीकर्ताले गुमाएका छन् ।

## नेपाली समाजमा एकताको बाधक

# मूल जरो ब्राह्मणिक हिन्दु वर्णव्यवस्था



झपेन्द्र जिसी

त्यसैले उनीहरु पुन पाटली पुत्रमा आक्रमण गर्न ठूलो फौजसहित आउँदै गरेको थाहा पाएर पाटली पुत्रका सर्वसाधारण दुनियाँदारलाई आफ्नो घर बस्ती छोडेर बाहिर जंगलतिर बस्न पुष्यमित्रले आदेश दियो । अन्नपात पनि यसरी बढयो । थप खाईहरु (किल्ला)बनाइए । यता पतञ्जलीको आदेश सल्लाह साउती अनुसार बौद्ध सम्राटको हत्या गरी आफै राजा बन्न पुष्यमित्र शुङलाई आशीर्वाद दिए ।

**गताङ्कको बाँकी......**

मगध नगर मगधराज प्रसादको सौन्दर्य र प्रसिद्धि यवन, ग्रिस लगायत टाढा टाढासम्म फैलिएको थियो । संसारका सम्राटका सम्राट देवानाम प्रियदर्शी अशोकले यही दरबारबाट नै शासन प्रशासन चलाएको पाइन्छ । अशोकका दशौं पुस्ताका बौद्ध राजा वृहद्रथका पालामा मगधमा अनिष्ट सुरु भयो । राज्य र मगध नगरमा बाह्य शत्रुहरुले आँखा लगाए भने वृहद्रथ राजालाई स्त्रीलम्पट र राज्य संचालनमा हुनुपर्ने योग्यता र क्षमता नभएका राजा भनेर प्रधानसेनापति पुष्यमित्र शुङ र भारदारहरुले भित्रभित्रै लाञ्छनाहरु लगाउन थाले । एक दिन राजाको चरले यमराज दत्तमित्रको सेना डिमिट्र्यसबाट ठूलो सेनासहित साकेततिर (अयोध्या) तिर अगाडि बढाइसकेको छ भन्ने सूचना दियो ।

राजा वृहद्रथको उपस्थितिमा प्रधानसेनापति र अन्य सेनापतिहरु सचिवहरु र मन्त्रीहरुसहितको बैठक आक्रमणकारी शत्रु सेनालाई कसरी परास्त गर्ने भन्ने विषयमा लामो छलफल भयो । आक्रमणकारी शत्रुको सेनालाई धेरै पटक तुहाई दिएका पुष्यमित्रप्रति गहिरो विश्वासमा भएका राजा वृहदरथले पुष्यमित्रलाई साकेततिर खटाइदिनु भनी आदेश दिए । तर मन्त्रीहरुको पुष्यमित्रप्रति विश्वस रहनेछ। तर एजेण्डा लागू हुने नै भयो । पुष्यमित्र शुङ साकेततिर सेनासहित प्रस्थान गरे । त्यही दिन सचिवहरु (मन्त्रीहरु) एक जना सचिवको घरमा भेला भएर छलफल गरेर भने पुष्यमित्र शुङलाई सेनापति बनाई खटाउनु ठीक थिएन । रणकौशल दत्तमित्रसँग भिड्न उनीको नेतृत्वले सक्ने देखिन्न, त्यसैले संङ्गामशुरको नेतृत्वमा सेनाहरु साकेत (अयोध्या) तिर पठाउन पर्छ भन्ने निर्णय गरी अश्वारोही सेनासहित खटाए । संगामशुर नेतृत्वको फौजले पुष्यमित्रको टुकडीलाई बोधगयानेर भेट्यो काशीको बाटो हुँदै फौज साकेततर्फ हानियो । नेतृत्व सेनापति संगामशुरको रहयो ।

साकेत पुग्दा शत्रु सेना दत्तमित्रको ग्रिसेली सेनाले साकेतलाई घेराबन्दी गरिसकेको पाए । मगध सैन्य फौजको विशेष प्रकारको रथ देखेर ग्रिसेली दत्तमित्रले त्यस रथमा प्रमुख सेनापति हुनुपर्छ भन्ने अनुमान गरे भने सेनापति संग्रामशुरले पनि आफ्नो सैन्य जवानलाई आक्रमण गर्न आदेश दिदै आफू पनि युद्धमा होमिए । तर २०/२५ जना ग्रिसेली सेनालाई प्रहार गरी हत्या गरे । तर ग्रिसेलीहरुले घेराबन्दी गर्न छोडेनन् । भनिन्छ आफ्नो सेनापति संग्रामशुरलाई भाला लगायतले ढालेपछि बचाउन अघि बढेका पुष्यमित्रले बचाउन सकेनन् । ग्रिसेलीहरु संग्रामशुरको मृत्युपछि हौसिएर होहल्ला गर्न थाले । पुष्यमित्र शुङले ग्रिसेली सेनाको घेराबन्दी तोड्न घुँएत्रा र भालाले प्रहार गर्न आदेश दिए । ग्रिसेली सेनाहरु धेरै हताहत भएपछि बँचे खुँचेका आफू आएको बाटो पक्री भाग्न थाले । मगध सेनाले राजस्थानको नगरमा भेला भई बसेका ग्रिसेली सैन्य फौजलाई पछाडिबाट प्रहार गर्दै मार्दै पञ्चन प्रदेश जालन्दर पुग्दा दत्तमित्र ग्रिसेली सेनापतिसँग दत्तमित्र करिब १०० जवान सैन्य शक्ति थियो । मगध सेनाहरु अघि बढेर यमुना नदी पुगे र थकित सेनालाई थरक मार्नको लागि शिविर खडा गर्न लगाएर ३ दिन आराम गर्न र ३ दिन मथुरा वृन्दावन मथुरातिर पुष्यमित्रले घुमफिर गर्ने आदेश दिए ।

एक दिन साँझ पख अलि टाढा ८/१० जना मान्छेको जमघट देखेर भेट्न पुग्दा जमघट स्थलमा त एउटा दाह्रीवाल ऋषि जस्ता देखिने बुढा बाले प्रवचन दिदै गरेको पाए । प्रचवनको सार यस्तो थियो- पहिले पहिले यज्ञ यज्ञादि भइरहन्थे । आकाशमा हवनको धुवाँ उडेको देखिन्थ्यो । सम्राटहरुले राज्य विस्तार गरेपछि राजसूय यज्ञ गरिरहन्थे । ब्राह्मण वर्गको कति ठूलो मान मनितो थियो । वैद्धिक धर्म संस्कार व्याप्त थियो । हामी आर्थिक प्रलोभनमा परेर हाम्रो वैद्धिक धर्म बेचिदियौं । हाम्रा पुर्खा यति हुतिहारा थिएनन् । कुनै समय भारत वर्षको सीमा पूर्वमा चम्पा, वङ्ग, शुइम पश्चिमा इरान (आर्यान) उत्तरमा हिमाल र दक्षिणमा कृष्णा नदी पारि, झण्डै कावेरीसम्म विस्तृत थियो तर अहिले त हेरौं कति खुम्चियौं र खुम्चिदै छौं । हाम्रा वैदिक पुर्खा त यति हुतिहारा नपुंसक थिएनन् । भारत वर्ष यज्ञमय थियो । तर अहिले त मुण्डी (बौद्ध भिक्षु) र दिगम्बर (जैनमार्गी) ले ढाकेको छ । अवश्मेध यज्ञ गर्दैनन् । आजकालका राजाहरु यज्ञ, राजसूय यज्ञ गर्दैनन् । यज्ञ नगरे पनि काशी, कौशल, अवन्ती क्षेत्रतिरको आकाशमा कहिले काहीं यज्ञमय देखिन्थे । तर अहिले त सम्झनाको तरेलीमा रहन पुगे । ब्राह्मण र आर्य ऋषिका नाम पनि जान्दैनन् । दाह्री जुंगा पालेका ब्राह्मणको प्रवचन सकिए पछि परिचय सुरु भयो । भारद्वोजगोत्रीय पुष्यमित्र शुङ हुँ । मगधको कान्छो सेनापति । प्राणम ऋषिज्यु । ती प्रचवनकर्ता ब्राह्मणले भने कल्यांणस्तु । पुष्यमित्रले भने-हामीले म्लेच्छहरुलाई सिन्धु नदी कटाई लखेटेर आएका हौं । तपाईंको घत लाग्दो प्रचवन सुनेर हामी प्रभावित भयौं । हजुरको परिचय पाउन सकिएला कि ? किन नपाउने म गोनर्दीय पतञ्जली हुँ । मलाई भाष्यकार पतञ्जली भनेर चिन्न सकुन हुन्छ । तपाईंहरुले म्लेम्छहरुलाई सिन्धु नदी पारि लखेटेर राम्रो गर्नु भयो । मेरो वैदिक धर्ममा उच्च आस्था रहेको छ । विश्वस्त हुनुहोस् भगवान् मसँग मगध राजधानी पाटली पुत्र जाने प्रस्ताव गर्दछु । पुष्यमित्र शुङले भने ।

वैदिक धर्मप्रति आस्थावान एवम् महावीर, धर्मवीरसँग जान मलाई स्वीकार्य छ । तर तपाईंका महाराज वृहद्रथ त मुण्डी हुन्, म जाँदा उनलाई आपत्ति होला नि । मैले पाटली पुत्र लगेर गोप्य रुपमा राख्छु, विप्रवर डराउनु पर्दैन । सुरक्षित राख्छु । सुरुमा तपाईंको कुरा सुन्ने म मात्र हुनेछु, तर भविष्यमा मगधमा मात्र होइन समग्र भारत वर्षमा सबैले सुन्ने गराउनेछु । म पनि ब्राह्मण नै हुँ । धर्म मासिनाले मनभित्र ठूलो डहन छ !

पतञ्जली पाटली पुत्र जाने नै भए ।

पाटली पुत्रद्वार प्रवेश गर्दा पुष्यमित्र शुङ उनको भव्य स्वागत भयो ।

राजा वृहद्रथले पनि स्यावासी दिए । अर्को दिन पुष्यमित्रको विजयगाथा सभामा पुष्यमित्र शुङले सुनाइरहेका थिए । यसैबेला सेनापति संग्रामशुरको निधन भएको आफू वृद्ध भए र अशक्त हुँदै गएको प्रधानसेनापति लक्ष्य जितले सुनाउँदै अब प्रधानसेनापति पुष्यमित्र शुङलाई बनाउनु पर्ने प्रस्ताव गरिरहेको बेला सम्राट वृहद्रथ समेत उपस्थित भए सेनापतिहरुको कुरा सुनेर । सचिवहरुलाई यसो हेर्दै मौन स्वीकृतिको अनुभूत गरी सर्वसक्षम सेनापतिलाई वृहद्रथले आफ्नो गलामा लगाइरहेको मोतीको माला पुष्यमित्र शुङको गलामा पहिराइदिएर राजाले यसो पनि भने यो नियुक्ति अचानक भएको हो । भोलि विधिवत् रुपमा रत्न जडित खड्ग दिएर पुष्यमित्र शुङलाई प्रतिष्ठित गरिने छ भन्ने आदेश अनुसार पुष्यमित्र शुङलाई तोकिएको दिन प्रधानसेनापति घोषणा गरी खड्ग प्रदान गरे । प्रधानसेनापतिमा नियुक्ति पाएपछि हरेक राजसभा बैठकमा जाने दरबारभित्रको दरबार र बाहिरका सबै कुरा बुझ्ने अवसर पाए । राजा पुष्यमित्र शुङ शत्रुसेनालाई पराजित गर्न सक्षम भएको पाएर पुष्यमित्र शुङसँग प्रसन्न थिए । एक दिन उनले सम्राटसँग निवेदन मन्त्रालयका एकजना मन्त्री (सचिव) ले आफ्नो यज्ञ सेनालाई विर्धभ देशको राजाको रुपमाा स्थापित गरेका छन् । मेरो छोरा अग्निमित्रलाई पनि त्यसरी नै त्यस्तै ठूलो पद दिए राम्रो हुने थियो भनेपछि विदिशा देश (मध्य भारतको) पुष्यमित्रको छोरा अग्निमित्रलाई प्रान्त पाल बनाइदिए ।

यता पुष्यमित्र शुङको घर नजिकै गोप्य रुपमा बसेको पतञ्जलीले राति रातिमा यज्ञ गराउन थाले । हिंसामय यज्ञ गोप्य रुपमा चलिनै रह्यो । पुष्यमित्रप्रति अत्यन्त विश्वासमा परेका सम्राट वृहदरथले उनीप्रति शंका गर्ने पनि कुरा रहेन । यमन सेना/ग्रिसेली सेनालाई एक पटक लखेटे पनि ग्रिसेलीलेहरुले हार स्वीकार गरेका रहेछन् । त्यसैले उनीहरु पुन पाटली पुत्रमा आक्रमण गर्न ठूलो फौजसहित आउँदै गरेको थाहा पाएर पाटली पुत्रका सर्वसाधारण दुनियाँदारलाई आफ्नो घर बस्ती छोडेर बाहिर जंगलतिर बस्न पुष्यमित्रले आदेश दियो । अन्नपात पनि यसरी बढयो । थप खाईहरु (किल्ला)बनाइए । यता पतञ्जलीको आदेश सल्लाह साउती अनुसार बौद्ध सम्राटको हत्या गरी आफै राजा बन्न पुष्यमित्र शुङलाई आशीर्वाद दिए । युद्ध त जितियो नै ।

» क्रमशः

# मही : गर्मीमा स्वस्थकर तथा उपयोगी पेयपदार्थ



मही स्वास्थ्यका लागि निकै फाइदाजनक पेय पदार्थ हो, विशेष गरी गर्मी मौसममा । यसमा हुने पोषक तत्वले पाचन प्रणाली र समग्र शरीरलाई स्वस्थ राख्न मद्दत गर्दछ ।

महीले शरीरमा रगतको कमी, पानीको कमी तथा कमजोरी हुनबाट जोगाउँछ । भोक नलाग्ने (रुचि कम हुने) समस्या भएका व्यक्तिले मही सेवन गरेमा फाइदा पुग्छ ।

पोषणविद् डा. अरुणा उप्रेतीका अनुसार गर्मीमा शरीरमा पानीको कमी हुने र पाचन प्रणाली कमजोर हुने सम्भावना बढ्छ । यस्तो अवस्थामा मही अत्यन्त उपयोगी हुन्छ, किनकि यसले शरीरलाई चिसो राख्नुका साथै पाचन प्रक्रियालाई सहज बनाउँछ ।

**गर्मीमा मही सेवनका मुख्य फाइदाहरू:**

**१. शरीरलाई चिसो राख्छ:**

मही प्राकृतिक रूपमा चिसो गुण भएको पेय हो। यसले गर्मीका कारण बढ्ने शरीरको तापक्रमलाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

**२. डिहाइड्रेसनबाट जोगाउँछ:**

गर्मीमा पसिना धेरै आउँदा शरीरबाट पानी र इलेक्ट्रोलाइट्स घट्छ । महीले शरीरमा पानीको मात्रा सन्तुलनमा राख्न सहयोग गर्छ ।

**३. पाचन प्रणालीमा सुधार गर्छ:**

'महीमा पाइने प्रोबायोटिक्सले आन्द्रालाई स्वस्थ राख्छ,' डा. उप्रेती भन्छिन् । यसले ग्यास, अपच र एसिडिटी जस्ता समस्या कम गर्छ ।

**४. ऊर्जा प्रदान गर्छ:**

हल्का र पौष्टिक पेय भएकाले महीले शरीरलाई तुरुन्त ऊर्जा दिन्छ, तर पेट भारी भएको महसुस गराउँदैन ।

**५. रोग प्रतिरोधात्मक क्षमता बढाउँछ:**

महीमा रहेका स्वस्थ ब्याक्टेरियाले रोग प्रतिरोधात्मक क्षमता (इम्युन सिस्टम) बलियो बनाउन सहयोग पुऱ्याउँछन् ।

**६. तौल नियन्त्रणमा मद्दत गर्छ:**

न्यून क्यालोरी र उच्च पौष्टिक गुणका कारण मही तौल घटाउन वा नियन्त्रणमा राख्न चाहनेहरूका लागि उपयोगी हुन्छ ।

**कसरी सेवन गर्ने ?**

दैनिक खाना खाएपछि एक गिलास मही सेवन गर्नु राम्रो मानिन्छ । स्वादका लागि भुटेको जिराको धुलो, बिरे नुन वा पुदिना मिसाउन सकिन्छ ।

अत्यधिक चिसो (फ्रिजको) बनाएर खानु भन्दा सामान्य तापक्रममा सेवन गर्नु स्वास्थ्यका लागि बढी उपयुक्त हुन्छ।

**निष्कर्ष**

गर्मी मौसममा मही एक सरल, सस्तो र प्रभावकारी स्वास्थ्यवर्धक पेय हो । यसको नियमित सेवनले शरीरलाई ताजा, हाइड्रेटेड र स्वस्थ राख्न महत्त्वपूर्ण भूमिका खेल्छ ।

स्वास्थ्य खबरबाट

# मूल बिउका लागि कोदोखेती



वालिङ । स्थानीय जातको कोदोको बिउ बचाउन स्याङ्जाको वालिङ नगरपालिका-१ मा कोदोखेती सुरु गरिएको छ ।

गण्डकी प्रदेशका ११ जिल्ला कार्यक्षेत्र रहेको कृषि विकास स्रोत केन्द्रले गण्डकी प्रदेशमै मूल बिउ उत्पादन गर्ने उद्देश्यले प्रदेशमै पहिलो पटक ३० रोपनी जमिनमा कोदोखेती सुरु गरिएको कार्यालय प्रमुख सुदीप रेग्मीले जानकारी दिए ।

स्थानीय बाली संरक्षण प्रवर्द्धन कार्यक्रमअन्तर्गत "पछिल्लो समय कोदोको माग बढ्दो क्रममा छ", उनले भने-"कृषकको मागलाई मध्यनजर गर्दै नेपाल सरकारले सिफारिस गरेको 'काभ्रे २' जातको कोदोको मूल बीउ उत्पादन गर्ने गरी अहिले कोदो रोप्ने काम भइरहेको छ ।"

बिउ उत्पादनका क्षेत्रमा काम गर्दै आइरहेको कार्यालयले विशेषगरी कृषि प्राविधिक, कर्मचारी, बिउ उत्पादक समूह, सहकारी व्यावसायिक कृषकहरुलाई बिउ उत्पादन गर्दा आइपर्ने समस्या, रोग, कीरा, मलखाद्य, प्रशोधन तथा बजारीकरणसम्बन्धीका विषयमा प्रयोगात्मक ज्ञानसमेत दिने गरी अगाडि बढिएको उनले बताए ।

"जग्गा व्यवस्थापन, बीउको छनोटदेखि लिएर बजारीकरणसम्मका सम्पूर्ण प्रक्रिया कार्यालयमार्फत हुन्छ", उनले भने-"बिउ उत्पादक कृषक, समूह सहकारीले यस कार्यालयले गरेका गतिविधिहरु हेरेर, बुझेर आँफूले आफ्नो व्यावसायलाई अझै व्यवस्थित गर्दै लैजानका लागि सहज हुने विश्वास लिएका छौं ।"

# माग बढेसँगै अण्डाको समर्थन मूल्य बढ्यो



चितवन । अण्डाको माग बढेपछि व्यवसायीले समर्थन मूल्य बढाएका छन् । नेपाल लेयर्स कुखुरापालक सङ्घले आजदेखि लागू हुने गरी अण्डाको समर्थन मूल्य बढाएको हो ।

सङ्घका अनुसार एक्सएल अण्डा प्रतिक्रेट (३० वटाको) रु ५६०, ठूलो अण्डा रु ५४५, मिडियम रु ५०० र सानो रु तीन हजार प्रतिपेटी (सात क्रेट) समर्थन मूल्य कायम गरिएको हो ।

सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार बर्डफ्लुको सङ्क्रमण हटेको र धेरै कुखुरा मरेसँगै उत्पादन घटेकाले बजारको माग निकै बढेको छ । माग बढेसँगै अण्डाको मूल्य बढेको हो । फार्महरुले दिएको रेटका आधारमा समर्थन मूल्य जारी गरिएको उनले बताए । मूल्य बढ्दै गर्दा पनि किसानले लागत मूल्य पाउन नसकेको उनले जनाए । अण्डाको लागत मूल्य प्रतिगोटा रु १९.१२ पर्न आउँछ । यसलाई हिसाब गर्दा प्रतिक्रेट रु ५७३.६ हुन आउँछ ।

बर्डफ्लुका कारण किसानले ठूलो क्षति व्यहोर्नु परेको छ । लागत मूल्य पाउन नसकेपछि विगत केही वर्षदेखि किसान यस पेसाबाट पलायन हुन थालेका छन् । पछिल्लो समय उत्पादन घट्नु, कुखुरामा रोग लग्नुलगायत काराले किसान बैंकको ऋणको भरमा पर्दै आएको व्यवसायी बताउँछन् ।

पछिल्लो समय बर्डफ्लुका कारण केही किसानको कुखुरा मरेका थिए भने कुखुरा हुनेहरुले अण्डाको मूल्य नपाउँदा ठूलो नोक्सानी व्यहोर्नु परेको पोखरेलले जानकारी दिए ।

# उत्तरगङ्गा जलविद्युत् आयोजनालाई उत्पादन अनुमति

बागलुङ । लामो समयदेखि चर्चामा मात्रै रहेको उत्तरगङ्गा जलायशयुक्त जलविद्युत् आयोजना निर्माणका लागि थप प्रक्रिया अघि बढेको छ ।

विद्युत् विकास विभागले आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको छ । आयोजना उत्तरगङ्गा पावर कम्पनीले निर्माण गर्दैछ ।

विभागले यही साउन २० गते उत्पादन अनुमतिपत्र प्रदान गरेको हो । उक्त निर्णयसँगै २०६१ सालदेखि चर्चामा रहेको नेपालकै सस्तो जलाशययुक्त जलविद्युत् परियोजना अघि बढ्ने आशा पलाएको हो ।

सरकारले चालु आर्र्थिक वर्षमा नै सो आयोजना निर्माणका लागि बोलपत्रको प्रक्रिया अगाडि बढाउने उल्लेख गरेको छ । कुल ८२८ मेगावाट क्षमताको सो आयोजनालाई उत्पादन अनुमतिपत्र प्रदान गरिएको विभागका सूचना अधिकारी बद्री कुइँकेलले जानकारी दिए ।

बागलुङको ढोरपाटन नगरपालिकास्थित ढोरपाटन उपत्यकामा उत्तरगङ्गाको पानी जम्मा गरी निसीखोलामा झारेर विद्युत् उत्पादन गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिएको छ । विभागले आयोजनास्थल रहेको ढोरपाटन र निसीखोलालाई पत्राचार गरिसकेको छ ।

# अर्घाखाँचीको सुपादेउराली बजार व्यवस्थापन समितिको अध्यक्षका केसी र सचिवमा थापा निर्वाचित

**अनिल नेपाली**
*अर्घाखाँची*





अर्घाखाँची जिल्लाको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सुपादेउरालीमा बजारलाई व्यवस्थित बनाउनका लागि सरोज के.सी. सयोजकत्वमा समिति गठन गरिएको छ ।

जसको सचिवमा देवबहादुर थापा र कोषाध्यक्षमा रिमा केसी चयन भएका छन् । समितिले बजारको व्यवस्थापन, सरसफाइ तथा बजार क्षेत्रलाई व्यवस्थित बनाउने उद्देश्यले सुपादेउराली बजार व्यवस्थापन समिति गठन गरिएको छ । स्थानीय व्यवसायी तथा सरोकारवालाहरूको भेलाबाट बजारको सरसफाइ, व्यापारिक गतिविधिलाई व्यवस्थित गर्ने, बजार क्षेत्रको सौन्दर्यीकरण तथा आगन्तुक भक्तजन र पर्यटकलाई सहज वातावरण निर्माण गर्ने उद्देश्यसहित समिति गठन गरिएको हो । समितिमा स्थानीयलगायत व्यवसायी तथा सरोकारवालाहरूलाई सदस्यका रूपमा समेटिएको छ ।

समितिले सुपादेउराली बजार क्षेत्रमा नियमित सरसफाइ, फोहोर व्यवस्थापन, पसल तथा व्यवसाय सञ्चालनलाई व्यवस्थित गर्ने र धार्मिक तथा पर्यटकीयस्थलको गरीमा कायम राख्न आवश्यक पहल गर्ने जनाएको छ ।

सुपादेउरालीमा देशका विभिन्न स्थानबाट दैनिक ठूलो संख्यामा भक्तजन तथा पर्यटक आउने भएकाले बजार व्यवस्थापनलाई प्रभावकारी बनाउन समिति गठन गरिएको बताइएको छ । समितिले स्थानीय व्यवसायी, मन्दिर व्यवस्थापन पक्ष तथा सम्बन्धित निकायसँग समन्वय गरी बजारलाई थप व्यवस्थित र आकर्षक बनाउने लक्ष्य लिएको छा समितिले बजार व्यवस्थापनमा सबै व्यवसायी तथा स्थानीयवासीको सहयोग र सहभागिता आवश्यक रहेको जनाएको छ । अव्यवस्थित बजारलाई थप व्यवस्थित बनाउनको लागि यो समितिले सक्दो पहल गर्ने नवनिर्वाचित अध्यक्ष सरोज केसीले बताए ।

केसीले सुपादेउराली राष्ट्रियस्तरमा मात्र नभएर देश बाहिर पनि यसको महत्त्व बढेकोले यहाँ मन्दिरमा आउने आगुन्तक श्रदालुभक्तजनलाई थप महत्त्व गरिमा बुझाउनका लागि पनि आफूहरूले पहल गर्ने बताए । नवनिर्वाचित समिति सचिव देवबहादुर थापाले सुपादेउरालीको गरिमा महत्त्व यसको महत्त्व लाई अझ व्यापक बनाउनका लागि समितिले विभिन्न सरोकारवालाहरूको प्रत्यक्ष पहलमा काम गर्ने बताए ।

# स्याङ्जामा 'एक सामुदायिक वन-एक पोखरी' अभियान



स्याङ्जा । स्याङ्जामा 'एक सामुदायिक वन-एक पोखरी' अभियानअन्तर्गत यस वर्ष सात वटा रिचार्ज पोखरी निर्माण गरिएको छ ।

खोलाखोल्सीमा पछिल्ला वर्षहरुमा पानीका मुहानहरु सुक्दै गएकाले वनको बीच तथा माथिल्लो भागहरुमा रिचार्ज पोखरी निर्माण गर्दा तल्लो तटीय क्षेत्रहरुमा पानीका मूलहरु फुट्ने, पानीको स्रोत बढ्ने भएकाले रिचार्ज पोखरी निर्माण गरिएको हो ।

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९ बाट सुरु गरेको अभियानलाई कार्यान्वयन गर्दै यस वर्ष स्याङ्जा सात सामुदायिक वनमा सात रिचार्ज पोखरी निर्माण गरिएको डिभिजन वन कार्यालय स्याङ्जाका वन अधिकृत अम्मरबहादुर पराजुलीले जानकारी दिए ।

"स्याङ्जाका विभिन्न २७ वटा सामुदायिक वनभित्र गत वर्षहरुमा २७ वटा रिचार्ज पोखरीहरु निर्माण भइसकेका छन्", उनले भने-"चालु आर्थिक वर्षमा सात वटा सामुदायिक वनभित्र सात वटा रिचार्ज पोखरी निर्माण गरेसँगै स्याङ्जामा ३४ वटा रिचार्ज पोखरी निर्माण भएका हुन् ।"

पछिल्ला पाँच आवमा जिल्लास्थित सामुदायिक वनहरुमा पोखरी निर्माणलाई अभियानकैरुपमा अगाडि बढाइएको उनले जानकारी दिए । आव २०८२/०८३ मा सात वटा, आव २०८१/०८२ मा तीन वटा, आव २०८०/०८१ मा १२ वटा, आव २०७९/०८० मा आठ वटा र आव २०७८/०७९ मा चार वटा रिचार्ज पोखरी निर्माण गरिएको हो ।

वन जङ्गलमा वन्यजन्तुलाई पिउनका लागि पानी नहुँदा वन्यजन्तु पानीको खोजीमा जङ्गलबाट गाउँघरतिर आउनेक्रम बढ्दो रहेकाले वन्यजन्तुलाई गाउँतिर प्रवेश गर्न नदिनका लागि पनि यस प्रकारको रिचार्ज पोखरीले महत्व राख्ने दाबी उनको छ ।

"एक सामुदायिक वन-एक पोखरी' अभियान लागू भएसँगै हालसम्म ३४ वटा सामुदायिक वनमा ३४ वटा पोखरी निर्माण गरेका छौँ", उनले भने-"आगामी दिनमा पनि अन्य सामुदायिक वनहरुमा यस्तै प्रकृतिका रिचार्ज पोखरीहरु निर्माणलाई निरन्तरता दिँदै जाने छौँ ।" पछिल्लो समय जथाभावी सडक निर्माण गर्ने कार्यले पानीका स्रोतहरु हराउँदै गएका छन् ।

माथिल्लो भागमा रिचार्ज पोखरी हुँदा तल्लो तटीय क्षेत्रमा पानीका स्रोतहरु दिगो हुने, वन्यजन्तु तथा चरनका लागि लगिएका पशु चौपायालाई पानी खुवाउन सहज हुने र आवश्यक परेको खण्डमा सिँचाइका लागि पनि प्रयोग गर्न सकिने ज्यानेघारी महिला सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सीता गोदारले बताइन् ।

पोखरी निर्माणसँगै वन क्षेत्र मनमोहक पनि भएको उनले जनाइन् । डिभिजन वन कार्यालय स्याङ्जाले प्रति पोखरी निर्माणका लागि रु एक लाख उपलब्ध गराएको थियो ।

**प्रदेशमा ...**

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे राप्रपाको साथ पाउनेमा ढुक्क जस्तै रहेको नेताहरू बताउँछन् । यद्यपि एमाले र नेकपाले पनि पहल लिने निर्णय गरेको छ ।

सरकार बनाउन गणितको समस्या नरहेको कर्णाली र सुदूरपश्चिममा पनि नयाँ सत्ता सहकार्य असहज बनिरहेको छ । गत १२ साउनमा एमालेको समर्थनमा नेकपाका मंगलबहादुर शाही मुख्यमन्त्री नियुक्त भएका छन् । तर उनी मुख्यमन्त्री हुन बाहेक थप कोर्स अगाडि बढ्न सकेको छैन ।

एमाले दलका नेता यामलाल कँडेल यसअघि मुख्यमन्त्री थिए । कांग्रेसको समर्थनमा मुख्यमन्त्री रहेका कँडेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराउने कार्यको नेतृत्व नेकपाका शाहीले नै गरेका थिए । तर प्रदेश स्तरमा चलिरहेको उक्त कोर्सलाई उल्ट्याउँदै कांग्रेसका नेता जीवनबहादुर शाही नभएर मंगलबहादुर आफैं मुख्यमन्त्री भए । नेकपा स्रोतका अनुसार एमालेले चार वटा मुख्य मन्त्रालय मागेको छ । यदि यो माग पूरा गर्ने हो भने नेकपासँग एउटा मात्रै मन्त्रालय रहन्छ ।

हाल ३९ सदस्यीय कर्णालीमा नेकपासँग १४ र एमालेसँग १० सांसद छन् । १४ सिटको कांग्रेस र एक सिटको राप्रपा प्रतिपक्षी बन्न पुगेका छन् ।

सुदूरपश्चिममा त शक्ति सन्तुलन नमिल्दा नयाँ मुख्यमन्त्री नियुक्त हुनै सकेको छैन । नेकपा संसदीय दलका नेता खगराज भट्ट मुख्यमन्त्री बन्ने भने निश्चित भएको नेताहरू बताउँछन् ।

नेकपाभित्रै पनि मन्त्री टुंग्याउन सजिलो छैन । माओवादी केन्द्र, एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टी पृष्ठभूमिका शक्तिबीच भागबण्डा टुंग्याउने छलफल चलिरहेको छ ।

सरकार फेर्ने सकस नदेखिएको प्रदेश भने मधेश मात्रै हो । त्यहाँ कांग्रेस नेतृत्वको सरकारले गैरकम्युनिस्ट सांसदहरूबाटै बहुमत जुटाउने स्थिति छ ।

तर बाँकी सबै प्रदेशमा तीन बुँदे सहमतिले नयाँ संकट निम्त्याएको थियो । पार्टीभित्र आवश्यक छलफल र निर्णय नगरी भएको तीन बुँदेप्रति दुवै पार्टीभित्रै असन्तुष्टि देखिन्छ ।

'प्रदेश सभाको चुनाव आठ/दश महिना बाँकी छ । नयाँ सरकारले राम्रोगरी काम नगर्दै यो समय सकिन्छ,' एमाले नेता वैजनाथ चौधरी भन्छन्- 'गठबन्धन फेर्ने निर्णय गर्दा यतातिर ध्यान दिएको पाइएन ।' तीन बुँदेले सहज भन्दा पनि संकट धेरै निम्त्याउने काम गरेको चौधरी बताउँछन् ।

'प्रदेशबारे त्यसैपनि आलोचना भइरहेको छ । संघीयतामाथि आक्रमण भइरहेको छ,' चौधरी भन्छन्-'अहिले जसरी समीकरण फेर्ने र सरकार फेर्ने गरिँदैछ, यसले बजेट कार्यान्वयनमा समस्या ल्याउँछ । यसतर्फ नेतृत्वले ध्यान दिएको पाइएन ।'

**ज्येष्ठ ...**

मन्त्री बादीको निर्देशनमा मन्त्रालयले ज्येष्ठ नागरिकको अधिकार, सम्मान र सामाजिक सुरक्षालाई व्यवहारमै सुनिश्चित गर्ने विषयलाई प्राथमिकतामा राखेको जनाएको छ । कानुनमा व्यवस्था भएका सुविधा कागजमा मात्र सीमित नराखी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएको हो ।

मन्त्रालले सार्वजनिक यातायातमा ज्येष्ठ नागरिकका लागि कानुनले सुनिश्चित गरेको ५० प्रतिशत भाडा छुट र कम्तीमा दुई वटा आरक्षित सिटको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुने तथा ज्येष्ठ नागरिकले आफ्नो अधिकार सहज रूपमा उपभोग गर्न पाउने वातावरण निर्माण हुने अपेक्षा गरिएको बताएको छ ।

**गोल्छालाई...**

व्यक्तिगत ५२ करोड ५० लाख रुपैयाँको हकमा भने उनले सुलभ अग्रवालको विश्वासमा परेर बैंकिङ माध्यमबाट पठाएको तर पछि जोखिम महसुस गरी फिर्ता मागेको बताएका थिए ।

उनले आफूले कुनै सेयर कर्नरिङ नगरेको र दीपक भट्टसँग मिलेमतो नभएको दाबी गरेका थिए ।

अदालतले प्राप्त प्रमाण र कागजपत्रका आधारमा गोल्छाको संलग्नता देखिने आधार रहेको भन्दै उनलाई तत्काल थुनामा राख्नु नपर्ने तर धरौटी माग्नुपर्ने ठहर गरेको छ ।

यदि गोल्छाले तोकिएको धरौटी रकम वा बैंक जमानत बुझाउन नसकेमा उनलाई थुनामा पठाउन समेत अदालतले कारागार कार्यालयलाई आदेश दिएको छ ।

**कालीगण्डकीमा ...**

तर, डिजाइन तयार हुन ढिलाइ, भारतबाट निर्माण सामग्री र चीनबाट आवश्यक प्राविधिक विज्ञ समयमै उपलब्ध हुन नसक्दा निर्माण कार्य निर्धारित समयमा सम्पन्न हुन सकेको थिएन् । निर्माण सम्पन्न गर्न तीन वर्षको समय तोकिएको भए पनि काम सम्पन्न नभएपछि अन्तिम पटक गएको असार २७ गतेसम्म एक वर्षका लागि म्याद थपिएको सेक्टर कार्यालयले जनाएको छ ।

पुरानो ट्रस पुल जीर्ण बन्दै जाँदा विशेषगरी मालवाहक सवारीसाधन सञ्चालनमा समस्या हुँदै आएको थियो । संचालनको अन्तिम तयारीमा रहेको नयाँ पुल ७० मेट्रिक टन भार क्षमताका ठूला मालवाहक सवारीसाधनसमेत सहज रूपमा सञ्चालन गर्न सकिनेछ । पाँच दशकभन्दा बढी पुरानो पुलले गण्डकी र लुम्बिनी प्रदेशबीचको मुख्य यातायात धाने पनि जीर्ण बन्दै गएपछि नयाँ पुल निर्माणको आवश्यकता महसुस गरिएको थियो ।

राम्दीको पुरानो ट्रस पुल सिद्धार्थ राजमार्ग निर्माणसँगै २०२२ सालमा बनाउन थालिएको थियो । करिब छ वर्षपछि २०२८ सालमा निर्माण सम्पन्न भएको उक्त पुलको उदुघााटन तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले गरेका थिए । नयाँ पुल सञ्चालनमा आएपछि दुई प्रदेशबीचको यातायात थप सुरक्षित, सहज र प्रभावकारी हुने विश्वास गरिएको छ । साथै वर्षौंदेखि जीर्ण ट्रस पुलमा निर्भर रहनुपरेको समस्या पनि अन्त्य हुने अपेक्षा गरिएको स्थानीयले बताएका छन् ।

बुटवलबाट पाल्पा-स्याङ्जा हुँदै झण्डै १६० किलोमिटर सिधा यात्रामा पोखरा आवतजावत गर्ने मालवाहक सवारीसाधन पुलकै कारण बुटवलबाट चितनव भएर झण्डै २७० किलोमिटरको यात्रातय गर्न बाध्य छन् । सामान ओसारपसार गर्ने सवारीसाधन घुमाउँरो सडक भएर पोखरा-स्याङ्जा आइपुग्दा दैनिक उपभोग्य वस्तुसहितका सामग्रीको ढुवानी लागत महंगो पर्न गएको छ ।

तराइ-पहाड जोड्ने देशकै छोटो सिद्धार्थ राजमार्गको राम्दीमा ठूलो भार क्षमताको पुल बनेसँगै समयको बचत र ढुवानी लागत कम पर्ने भएपछि उपभोग्य सामान धेरै सस्तो मूल्य पर्ने स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष रविन्द्रमान श्रेष्ठले बताए । पुल सञ्चालनमा आएसँगै सिद्धार्थ राजमार्ग व्यवस्थित बनाउन सके पर्यटन आगमनमा वृद्धि भएर आर्थिक गतिविधिले तीव्रता पाउने पूर्वअध्यक्ष श्रेष्ठको भनाइ छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

### चुलो निभ्न नदिन निगमको पहलः

# बुटवल-भैरहवामा प्रत्यक्ष ग्यास वितरण सुरु



**भोजेन्द्र नेपाली**

*बुटवल*

बजारमा खाना पकाउने एलपी ग्यासको अभाव चर्किँदै गएपछि नेपाल आयल निगमले रुपन्देहीका बुटवल र भैरहवामा प्रत्यक्ष रूपमा ग्यास वितरण सुरु गरेको छ। जिल्ला प्रशासन कार्यालय रुपन्देही, नेपाल आयल निगम, ग्यास उद्योगी तथा ग्यास बिक्रेता संघबिच भएको समन्वयात्मक निर्णयअनुसार मंगलबारदेखि दुवै स्थानमा वितरण केन्द्र स्थापना गरी ग्यास वितरण थालिएको हो।

बुटवल उप-महानगरपालिका-६ हाटबजारलाइनस्थित बालमन्दिर परिसरमा एक वितरण केन्द्र सञ्चालनमा ल्याइएको छ भने भैरहवामा राष्ट्रिय खाद्य तथा व्यापार कम्पनी लिमिटेडको परिसरबाट ग्यास वितरण भइरहेको नेपाल आयल निगम लिमिटेड लुम्बिनी प्रादेशिक कार्यालयले जनाएको छ। निगमका अनुसार बिहान ९ बजेदेखि वितरण सुरु गरिएको हो।

निगमले आवश्यकताका आधारमा लक्षित वर्ग निर्धारण गरी ग्यास वितरण व्यवस्था मिलाएको जनाएको छ। विद्यार्थी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, किरियापुत्रीमा बसेका व्यक्ति, रातो कार्ड प्राप्त सुकुम्बासी तथा लामो समयदेखि ग्यास नपाएर चुल्हो नबलेका उपभोक्तालाई प्राथमिकतामा राखिएको छ।

वितरणका लागि बुटवल ग्यास, आरती ग्यास, सिद्धार्थ ग्यास, सिद्धनाथ ग्यास, त्रिशुल ग्यास, जानकी ग्यास, स्वस्तिक ग्यास, चण्डेश्वरी ग्यास र लुम्बिनी ग्यास गरी नौवटा उद्योगका सिलिन्डर उपलब्ध गराइएको निगमले जनाएको छ।

बुटवलमा निगमले प्रत्यक्ष वितरण गर्ने सूचना सार्वजनिक भएपछि बिहान ८ बजेदेखि नै उपभोक्ता बालमन्दिरस्थित वितरण केन्द्रमा लामबद्ध भएका थिए। मध्याह्नको चर्को घाममा समेत ठूलो संख्यामा उपभोक्ता लाइनमा बसेर ग्यास प्राप्त गर्ने प्रतीक्षामा देखिएका थिए।

पछिल्ला केही सातायता बजारमा नियमित रूपमा ग्यास उपलब्ध हुन नसक्दा उपभोक्ताले व्यापक सास्ती खेप्दै आएका छन्। निगमले लक्षित वर्गलाई प्राथमिकतामा राखी प्रत्यक्ष वितरण सुरु गरेपछि तत्कालका लागि ग्यास अभाव केही सहज हुने अपेक्षा गरिएको छ।

# बुटवलमा टाटा पञ्च ईभी कारको नयाँ संस्करण लञ्च




बुटवल। टाटा मोटर्सको पञ्च विद्युतीय गाडीको नयाँ संस्करण बुटवलमा सार्वजनिक गरिएको छ। बुटवल उपमहानगरपालिका-१०, कालिकानगरस्थित कालिका चोकमा रहेको सफल अटो इन्टरनेसनलले एक कार्यक्रम आयोजना गरी पन्च विद्युतीय गाडीको नयाँ संस्करण सार्वजनिक तथा अनावरण गरेको हो।

कार्यक्रममा सफल अटो इन्टरनेसनलका अध्यक्ष भवद्वोज ढुंगाना, कार्यकारी निर्देशक प्रदीप ढुंगाना तथा नाडा लुम्बिनीका महासचिव राम बेलबासेलगायतको उपस्थिति थियो। कार्यक्रममा नयाँ पन्च विद्युतीय गाडीका विशेषता, क्षमता तथा बजार सम्भावनाबारे जानकारी गराइएको थियो। टाटा मोटर्सले पन्च विद्युतीय गाडीलाई सहरी तथा ग्रामीण दुवै सडकमा सहज रूपमा सञ्चालन गर्न सकिने सानो आकारको खेलकुद उपयोगी गाडीका रूपमा बजारमा अघि सारेको छ। नयाँ संस्करणमा अघिल्लो मोडलको तुलनामा गाडीको उपयोगिता, यात्राको दूरी, ब्याट्री क्षमता तथा सामान राख्ने स्थानलाई थप प्राथमिकता दिइएको कम्पनीले जनाएको छ।

नयाँ पन्च विद्युतीय गाडीको प्रमुख विशेषतामध्ये बढी भू-उचाइ, ठूलो ब्याट्री र बढी सामान राख्ने स्थानलाई लिइएको छ। गाडीको ग्राउण्ड क्लियरेन्स करिब १९५ मिलिमिटर रहेकाले सामान्य सहरी सडकसँगै उकाली-ओराली तथा केही असहज सडकमा समेत सहज रूपमा सञ्चालन गर्न सकिने कम्पनीको दाबी छ। विद्युतीय गाडीमा पर्याप्त भू-उचाइ हुनु नेपाली सडकका लागि उपयोगी मानिन्छ।

त्यस्तै, नयाँ पन्च विद्युतीय गाडीमा प्रयोग गरिएको ठूलो क्षमताको ब्याट्रीले एकपटक पूर्ण रूपमा चार्ज गरेपछि ३२५ भन्दा बढी किलोमिटर रियल दूरी तय गर्न सक्ने बताइएको छ। यसले लामो दूरीमा विद्युतीय गाडी प्रयोग गर्न चाहने ग्राहकलाई समेत सहज हुने अपेक्षा गरिएको छ। यात्राको दूरीसँगै गाडीमा सामान राख्ने स्थान पनि विस्तार गरिएको छ। यसको सामान राख्ने पछाडिको भागमा करिब ३६६ लिटरसम्म सामान राख्न सकिने सुविधा रहेको बताइएको छ। टाटा मोटर्सले पन्च विद्युतीय गाडीलाई विद्युतीय सवारीको नयाँ पुस्ताको प्रविधिमा आधारित गाडीका रूपमा विकास गरेको हो। गाडीमा विद्युतीय सवारीका लागि विकसित विशेष संरचना प्रयोग गरिएको छ। यसको डिजाइन, सुरक्षा, ब्याट्री क्षमता र यात्राको दूरीलाई प्रमुख विशेषताका रूपमा अघि सारिएको छ।

सफल अटो इन्टरनेसनलका अध्यक्ष भवद्वोज ढुंगानाले नयाँ पन्च विद्युतीय गाडीले ग्राहकको आवश्यकता र नेपाली सडकको अवस्थालाई ध्यानमा राखेको बताए। उनका अनुसार विद्युतीय सवारीको माग बढिरहेका बेला बढी दूरी तय गर्न सक्ने, पर्याप्त भू-उचाइ भएको र दैनिक प्रयोगका लागि सहज गाडी ग्राहकका लागि उपयोगी हुने अपेक्षा गरिएको छ।

कार्यक्रममा नाडा लुम्बिनीका महासचिव राम बेलबासेले पनि नेपालमा विद्युतीय सवारीको बजार विस्तार हुँदै गएको अवस्थामा नयाँ प्रविधि र नयाँ मोडलको प्रवेशले ग्राहकलाई छनोटको थप अवसर सिर्जना गर्ने बताए।

नयाँ पन्च विद्युतीय गाडीको सार्वजनिकसँगै लुम्बिनी प्रदेशमा टाटाका विद्युतीय सवारीको बजार विस्तार गर्ने योजनासमेत अघि बढाइएको छ। कम्पनीले ग्राहकलाई बिक्रीसँगै मर्मत, सम्भार तथा आवश्यक प्राविधिक सेवासमेत उपलब्ध गराउने जनाएको छ। पञ्च इभीको ३२ लाख ९९ हजारदेखि ३७ लाख ९९ हजारससम्म कायम गरिएको छ। नयाँ पन्च ईभी ३० किलोवाट आवर र ४० किलोवाट आवरका दुई ब्याट्री विकल्पमा उपलब्ध छ। अघिल्लो संस्करणमा २५ किलोवाट आवर र ३५ किलोवाट आवरको ब्याट्री उपलब्ध थियो। यसरी दुवै भेरिएन्टमा ५ किलोवाट आवरले ब्याट्री क्षमता वृद्धि गरिएको छ। नयाँ पन्च ईभीमा ६५ किलोवाट क्षमताको डीसी फास्ट चार्जिङ सपोर्ट उपलब्ध छ। ६५ किलोवाटको डीसी फास्ट चार्जरबाट दुवै भेरिएन्टलाई २० प्रतिशतबाट ८० प्रतिशत चार्ज गर्न करिब २६ मिनेट लाग्ने कम्पनीको दाबी छ। त्यस्तै, १५ मिनेटको डीसी फास्ट चार्जबाट ३० किलोवाट आवर भेरिएन्टमा करिब ११० किलोमिटर तथा ४० किलोवाट आवर भेरिएन्टमा १३५ किलोमिटरसम्म यात्रा गर्न पुग्ने ऊर्जा प्राप्त हुने बताइएको छ।

७.२ किलोवाटको एसी चार्जर प्रयोग गर्दा ३० किलोवाट आवर भेरिएन्टलाई १० प्रतिशतबाट १०० प्रतिशत चार्ज गर्न करिब साढे ४ घण्टा र ४० किलोवाट आवर भेरिएन्टलाई करिब ५.३ घण्टा लाग्ने कम्पनीको भनाइ छ। पन्च ईभीमा जडान गरिएको इलेक्ट्रिक मोटरले १५४ एनएम टर्क र १२९ एचपी पावर उत्पादन गर्छ। ब्याट्री क्षमता बढेसँगै ड्राइभिङ रेन्ज पनि बढेको कम्पनीको दाबी छ।

# रोटरी बुटवल-चौतारीद्वारा ७६ पिन्ट रक्तदान



बुटवल। रोटरी क्लब अफ बुटवल-चौतारीले आयोजना गरेको वृहत् रक्तदान कार्यक्रममा ७६ पिन्ट रगत संकलन भएको छ। रोटरी क्लब अफ बुटवल चौतारी, रोट्र्याक्ट क्लब अफ बुटवल चौतारी र रोट्र्याक्ट क्लब अफ भैरहवा चौतारीको संयुक्त आयोजनामा तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, रक्तसञ्चार सेवा केन्द्रको प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा उत्साहजनक सहभागिता जनाइएको थियो।

रोटरी क्लब अफ बुटवल चौतारीको 'समाजसँग रोटरी' को भावना अनुरूप क्लबको ३०१औँ नियमित बैठकसँगै वृहत् रक्तदान कार्यक्रम आयोजना गरिएको क्लबका अध्यक्ष बासुदेव भुसालले बताए।

रगत अभावका कारण उपचारमा कठिनाइ भोगिरहेका असहाय तथा आवश्यकतामा रहेका बिरामीलाई राहत पुर्‍याउने उद्देश्यले १०० पिन्ट रगत संकलन गर्ने लक्ष्य राखिएको भए पनि ७६ पिन्ट रगत संकलन गर्न सफल भएको उनले जानकारी दिए।

अध्यक्ष भुसालले रक्तदानलाई केवल सामाजिक सेवा नभई जीवन बचाउने मानवीय अभियानका रूपमा अघि बढाउन क्लब प्रतिबद्ध रहेको बताए। कार्यक्रमको संयोजन रो. रामप्रसाद न्यौपानेले गरेका थिए भने रामनाथ पाण्डे र खगेन्द्र बेल्बासे सह-संयोजक रहेका थिए।

क्लबका सचिव माधव पौडेलले रक्तदान गरी मानवीय सेवामा योगदान पुर्‍याउने सम्पूर्ण रक्तदाताप्रति हार्दिक आभार व्यक्त गर्दै रक्तदान अभियानलाई निरन्तरता दिने बताए। उनका अनुसार क्लबले छिट्टै दोस्रो चरणको रक्तदान कार्यक्रम आयोजना गर्ने तयारी गरेको छ। आयोजकहरूले नियमित रक्तदानमार्फत रगतको अभाव कम गर्न तथा आपत्कालीन अवस्थामा बिरामीलाई सहज रूपमा रगत उपलब्ध गराउन सबैलाई रक्तदान अभियानमा जोडिन आग्रह गरेका छन्।

# ह्याकाथन लुम्बिनी एक्समा टिम एभरेष्ट प्रथम




बुटवल। लुम्बिनी सिटी कलेज रूपन्देहीमा अध्ययनरत विद्यार्थीहरूको समूहबाट छनोट भएका १६ विद्यार्थीहरूको लुम्बिनी इलाइट उपभोक्ता समितिको सक्रियतामा ह्याकाथन लुम्बिनी एक्स सम्पन्न भएको छ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको सभाहलमा सम्पन्न उक्त प्रतियोगितामा टिम एभरेष्ट प्रथम, टिम जिनेक्स द्वितीय, टिम अटिस्टिक्स तृतीय र टिम एसिट सान्त्वना भए। प्रतियोगितामा सहभागी सम्पूर्ण प्रतियोगीहरुलाई सहभागिताको प्रमाणपत्र सहित प्रथम स्थान हासिल गर्नेलाई .६० हजार, द्वितीयलाई रु.४५ हजार, तृतीयलाई रु.३० हजार र सान्त्वनालाई रु. १५ हजार नगद पुरस्कार सहित सौजन्य प्राप्त भएका पुरस्कार समेत वितरण गरिएको थियो।

उक्त कार्यक्रममा कलेजका क्याम्पस प्रमुख प्रा. डा. गणेशप्रसाद पाठक कलेजका संक्षिप्त परिचय र कार्यक्रमको विषयमा प्रकाश पार्दै सम्पूर्ण उपस्थितलाई स्वागत गरेका थिए।

कलेजका सहायक क्याम्पस प्रमुख नारायण प्रसाद भुसालले धन्यवाद ज्ञापन गरेका थिए। कार्यक्रमको अध्यक्षता आविष्कार ढेङ्गा र सञ्चालन स्मारिका ज्ञवाली र संयम शर्माले गरेका थिए।

छात्र आयुष चापागाईंको अध्यक्षता र लुम्बिनी बौद्ध विश्वविद्यालयका निमित्त उपकुलपति डा. माणिक रत्न शाक्यको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो। सहभागी विद्यार्थीहरूले समूहगत रूपमा कलेज सभाहलमा ४८ घण्टा लगाएर तयार भएका प्रोजेक्टहरू उक्त कार्यक्रममा प्रस्तुत गरिएको थियो।

# नेपाल वंशज परिषद्द्वारा रक्तदान



बुटवल। नेपाल वंशज परिषद् रुपन्देहीको स्थापना दिवसको अवसरमा बुटवलमा रक्तदान कार्यक्रम गरिएको छ। नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार सेवा केन्द्र बुटवलमा गरिएको रक्तदान कार्यक्रममा परिषद्का पदाधिकारी, सदस्य तथा सुभेच्छुकहरु समेत गरी २७ जनाले रक्तदान गरेको परिषद रुपन्देहीका अध्यक्ष घनश्याम नेपालले जानकारी दिए।

नेपाल वंशज परिषद्ले रक्तदान जीवनदान भन्ने नारा सहित रगतको अभाव हुन नदिन र रक्तदान संस्कृतिको विकासका लागि रक्तदान कार्यक्रम गरिएको हो। कार्यक्रममा रक्तदाताहरुलाई नेपाल स्वयमसेवी रक्तदाता समाजका अध्यक्ष कृष्ण चौहान क्षेत्री, परिषद्का अध्यक्ष घनश्याम नेपाल, कार्यक्रम संयोजक तथा परिषदका सचिव नगेन्द्र नेपालले प्रमाणपत्र प्रदान गरेका थिए।

त्यसैगरी परिषद्का अध्यक्ष घनश्याम नेपालले कार्यक्रम सफल बनाउन भूमिका खेल्ने परिषद्का पदाधिकारी, सदस्यहरु, सल्लाहकार तथा कार्यक्रममा सहभागि भई रक्तदान गर्ने रक्तदातालाई आभार सहित धन्यवाद व्यक्त गरे। 'घृतकौशिक गोत्र' अन्तरगतका नेपाल बन्धुहरुको भेलाले रुपन्देहीमा नेपाल वंशज परिषद् गठन गरि विभिन्न कार्यक्रम गर्दै आएको छ। सोही समितिले वंशावली समेत तयार गरि नेपाल वंश (कुल)को विकासक्रम समेत पहिचान गराएको छ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हार्दिक आभार तथा धन्यवाद



देब बहादुर थापा (बाबुराम)
सचिव

अर्घाखाँचीको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सुपादेउराली मन्दिर परिषद् बजार व्यवस्थापन समितिको सचिव जस्तो गरिमामय पदमा जिम्मेवारी सुम्पुनुहुने सम्पूर्ण बजार व्यवसायी सस्थाका पुर्व पदाधिकारी शुभेच्छक तथा सस्थाको वृहत्को चाहाना देख्नुहुने सबै प्रती हार्दिक आभार तथा कृतज्ञता व्यक्त गदै आगामी दिनमा सुपादेउराली बजार व्यवस्थापन लाई व्यवस्थित बनाउनका लागि यहाँहरूले सदैब रचनात्मक सकारात्मक भूमिका खेल्नुहुनेछ भन्ने अपेक्षा राख्दछु।

सुपादेउराली मन्दिर बजार व्यवस्थापन समिति
अर्घाखाँची

हार्दिक आभार तथा धन्यवाद



सरोज केसी
अध्यक्ष

अर्घाखाँचीको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सुपादेउराली बजार व्यवस्थापन समितिको अध्यक्ष जस्तो गरिमामय पदमा जिम्मेवारी सुम्पनुहुने सम्पूर्ण बजार व्यवसायी सस्थाका पूर्व पदाधिकारी शुभेच्छक तथा संस्थाको वृहत्को चाहाना देख्नुहुने सबैप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा सुपादेउराली बजार व्यवस्थापनलाई व्यवस्थित बनाउनका लागि यहाँहरूले सदैब रचनात्मक सकारात्मक भूमिका खेल्नुहुनेछ भन्ने अपेक्षा राख्दछु।

सुपादेउराली मन्दिर बजार व्यवस्थापन समिति
अर्घाखाँची

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com